# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमति प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं :- ३८९

मिति - २०७८/६/१२

**बिषय: – राष्ट्रिय जनगणना २०७८ को घर तथा परिवार सूचिकरण तथा मुख्य गणना कार्यमा सहजीकरण सम्वन्धमा।**

श्री वडा कार्यालय सवै (१-११)
टोखा नगरपालिका,काठमाडौं।

राष्ट्रिय योजना आयोग केन्द्रिय तथ्याङ्क विभागको मिति २०७८-६-१० को च.नं. २८९ को पत्र यसै साथ संलग्न छ सो पत्रानुसार राष्ट्रिय जनगणना २०७८ को घर तथा परिवार सूचिकरण तथा मुख्य गणना कार्यमा सहजीकरण गरिदिनु हुनअनुरोध छ।

(प्रकाश आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं : ०१-४९८५०१३/०१-४९८८४०५ Email :info@tokhamun.gov.np/ hellotokha@gmail.com Website: www.tokhamun.gov.np/ne

Scanned with CamScanner

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२९४०६
फ्याक्स: ९७७-१-४२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

पत्रसंख्या :- ०७८/७९
च.नं.:- ४८९

मिति: २०७८/०६/१०

विषय: राष्ट्रिय जनगणना २०७८ को घर तथा घरपरिवार सूचीकरण तथा मुख्य गणना कार्यमा सहजीकरण सम्बन्धमा ।

श्री टोखा नगरपालिका
काठमाण्डौ।

प्रस्तुत बिषयमा यहि २०७८ भाद्र ३० गते देखि आश्विन १८ गतेसम्म राष्ट्रिय जनगणना २०७८ को पहिलो चरण अन्तर्गत सुपरिवेक्षकबाट घर तथा घरपरिवार सूचीकरण कार्य सञ्चालन भईरहेको तथा मुख्य गणना २०७८ कार्तिक २५ देखि मंसिर ०९ गतेसम्म सञ्चालन हुने व्यहोरा सहर्ष जानकारी गराउँदै राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक तथा आर्थिक सुविधा सम्बन्धी मापदण्ड, २०७६ (मं.प.बाट स्वीकृत) बमोजिम सबै वडामा वडास्तरीय जनगणना सहजीकरण समिति गठन गर्न जिल्ला जनगणना कार्यालयलाई आवश्यक सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

यसै सन्दर्भमा सबै स्थानीय तहमा स्थानीय जनगणना समन्वय समिति गठन भई सक्रियरुपमा कार्यरत रहने छ भन्ने अपेक्षा गरिएको छ । काठमाडौं उपत्यका विशेष गरी घना शहरी क्षेत्रभित्र जनगणनाको विवरण संकलन कार्यमा सहजीकरण गर्न र सही विवरण उपलब्ध गराउन सम्बन्धित सबैलाई अपिल गरिदिने तथा आफ्नो मातहतका सबै वडा कार्यालय र जनप्रतिनिधिहरुलाई आफ्नो वडा क्षेत्रभित्र कुनै पनि परिवार नछुट्ने तथा नदोहोरिने कुराभा सुनिश्चित हुने व्यवस्थापन गर्न जिल्ला जनगणना कार्यालयहरुलाई आवश्यक सहजीकरण तथा समन्वयका लागि हार्दिक अनुरोध गर्दछु ।

(डा.हेमराज रेग्मी)
उपमहानिर्देशक

Scanned with CamScanner